# "दैनिक कार्यको जानकारी"

प्रदेश खेलकुद विधेयक तर्जुमाका सम्बन्धमा सरोकारवालासँग छलफल बैठक सम्पन्न

मिति २०८१ फाल्गुन ०६ गते मंगलबारका दिन सामाजिक विकास मन्त्रालयका सचिव श्री हेमराज तामाङ, प्रदेश खेलकुद विकास बोर्डका स.सचिव श्री कृष्ण वस्नेत, मन्त्रालयका महाशाखा प्रमुखहरु र खेलकुद क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरुको उपस्थितमा प्रदेश खेलकुद विधेयक तर्जुमाका सम्बन्धमा छलफल बैठक सम्पन्न भयो। अन्तरक्रियात्मक विधिबाट सम्पन्न भएको उक्त बैठकमा सबैले आ-आफ्नो राय पेश गर्नु भएको थियो । बैठकमा देहायका विषयमा छलफल भएको थियो ।

- खेल संस्थाको दर्ता आवद्धता र नविकरण सम्बन्धी विषय (स्थानीय, जिल्ला र प्रदेश)
- खेलाडी कल्याणका लागि गर्नुपर्ने अन्य व्यवस्थाका विषय
- शैक्षिक संस्थाले सञ्चालन गर्ने गतिविधिको सहजीकरण तथा नियमन
- खेल संघले पेश गर्ने वार्षिक प्रतिवेदन (स्थानीय, जिल्ला र प्रदेश)
- प्रदेश खेलकुद परिषद्को गठन तथा काम कर्तव्य र अधिकार सम्बन्धी
- जिल्ला खेलकुद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार सम्बन्धी
- स्थानीय खेल संघ गठन र दर्ता सम्बन्धी
- जिल्ला खेल संघ गठन र दर्ता सम्बन्धी
- हाल रहेका खेल संघलाई वैद्यानिकता दिने विषय



